नाम्खा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याल्बाङ, हुम्ला

कर्णाली प्रदेश, नेपाल

प.सं. : २०७८।०७९

च.नं. ६०६

मिति : २०७८ । ०९। २३

**बिषय : जोखिममा रहेका बालबालीकाको विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

श्री वडा कार्यालय सबै
नाम्खा गाउँपालिका ।

प्रस्तुत बिषयमा सामाजिक विकास कार्यालय सिमकोट, हुम्लाको च.नं ४३ मिति २०७८।०९।२२ गतेको प्राप्त पत्र बमोजीम आ.व २०७८।०७९मा जोखिममा परेका बालबालिकाहरुलाई सहयोग स्वरुप पोशाक तथा स्टेशनरी सामान वितरण गरिने हुदाँ तहाँ वडा बाट २ जना जोखिममा रहेका बालबालीकाको विवरण मिति २०७८।१०।०५ गते सम्ममा यस कार्यालयमा उपलब्ध गराउनहुन अनुरोध गरिन्छ । साथै विवरण पठाउनको लागी सामाजीक विकास कार्यालय, हुम्लाको ढाँचा र पत्र यसै पत्र साथ संलग्न राखि पठाइएको छ, उक्त ढाँचा बमोजीम विवरण उपलब्ध गराइदिन अनुरोध गरिन्छ ।

रेशम फडेरा
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा
नाम्खा गाउँपालिका । वेभ साईटमा अपलोड गर्नुहुन ।

फोन नम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np, ईमेल: info@namkhamun.gov.np

फोन नं. ०८७६८००९०
इमेल sdohumla@gmail.com

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
## सिमकोट, हुम्ला

मिति: २०७८/०९/२२

प.सं. :- २०७८/०७९
च.न. :- ४३

श्री नाम्खा/ सिमकोट/ खार्पुनाथ/ सर्केगाड/ चंखेली/ अदानचुली/ ताजाकोट गाउँपालिका ,
हुम्ला ।

विषय: जोखिममा रहेका बालबालिकाको विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक सम्बन्धी समन्वय समितिको मिति २०७८।०९।२१ गते बसेको बैठकको निर्णयानुसार यस कार्यालयको आ.व २०७८।०७९ को बजेट तथा कार्यक्रम बमोजिम तहाँ स्थानीय तहको प्रत्येक वडाबाट दुई जनाका दरले जोखिममा रहेका बालबालिकाहरुलाई सहयोग स्वरुप पोशाक तथा स्टेश्नरी सामानहरु दिने भनी निर्णय भएको हुदाँ गत आर्थिक बर्षमा यस कार्यालयबाट उक्त सामग्री प्राप्त नगरेका बालबालिकाहरुको विवरण तपसिल बमोजिमको ढाचाँमा मिति २०७८।१०।१० गतेसम्म यस कार्यालयमा सिफारिस गरी पठाइ सहयोग गरिदिनु हुन लागि अनुरोध छ ।

तपसिल

| क्र सं | बालबालिकाको नाम थर | स्थानीय तह/ वडा नं | उमेर | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

श्री हर्क बहादुर बस्नेत
नि.सामाजिक विकास अधिकृत

शर्तहरुः जोखिममा रहेका बालबालिका भन्नाले निम्न बालबालिकालाई बुझाउँछ ।

- अनाथ बालबालिका,
- अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागि बेवारिसे भएका वालवालिका,
- बाबुआमालाई गम्भिर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,
- कानुनी बिबादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

दर्ता नं.
१८८

- थुनामा रहेका वा बन्दी बाबु वा आमासंग आश्रित भई कारागारमा रहेका बालबालिका,
- जबरजस्ती करणी वा कानुन बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफुले पालन पोषण गर्न नसक्ने भनि बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,
- बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार हिंसा वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,
- जबरजस्ति वा बधुँवा प्रकृतिका वा जोखिमपुर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानुन बिपरित श्रममा संलग्न भई जीवनयापन गरिरहेका धुम्रपान, मध्यपान एवम् अन्य लागुऔषधको कुलतमा फसेका उच.आई.भि सङ्क्रमित बालबालिका,
- गम्भिर शारिरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भिर अपाङ्गता भएको कारण जिवन जोखिममा रहि बाबुआमा वा परिवारबाट उपचारको व्याबस्ता हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,
- बालबालिका बिरुदको कसुरबाट पिडित भएका वा त्यसतो जोखिम मा रहेका बालबालिका,
- विपत वा सशस्त्र दन्दाका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका बेपत्ता भएका वा आफुनै शारिरिक वा मानसिक रुपमा घाईते वा अपाङ्गता भएका बालबालिका,
- विपन्न दलित समुदायका बालबालिका,
- सामाजिक विकास मन्त्रालयले विशेष संरक्षणको आबश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।